धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८५ ◆ २०८३ असोज २५ आइतबार ◆ Sunday, October 11, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

*प्रतीक्षा आले*

सर्लाही। सर्लाहीको हरिपुरमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ।

शनिबार (हिजो) मलङ्वा-नवलपुर सडकखण्ड अन्तर्गत हरिपुर नगरपालिका-८ जगतपुरमा ना१ज ६३०८ नम्बरको म्याजिकले विपरीत दिशाबाट आइरहेको क्रममा उक्त मोटरसाइकललाई ठक्कर दिएको थियो।

दुर्घटनामा नवलपुरबाट मलङ्वातर्फ गइरहेको मधेस प्रदेश ०२-०१०प २२२१ नम्बरको मोटरसाइकलका चालक मलङ्वा नगरपालिका-७ गणेशियाका अन्दाजी ३० वर्षीय अरविन्द साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतम जानकारी दिनुभयो। प्रवक्ता गौतमका अनुसार दुर्घटनामा परेर गम्भीर घाइते भएका साहलाई उपचारका लागि प्रादेशिक अस्पताल मलङ्वा पुर्याएपछि चिकित्सकले मृत घोषणा गरेका हुन्। दुर्घटनामा संलग्न सवारी र चालक हरिपुर नगरपालिका-२ का ३३ वर्षीय नजामुदिन बैठालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ। मृतक साहको शव परीक्षणका लागि अस्पतालमै राखिएको प्रहरीले जनाएको छ।

## कृष्ण औँसीमा : पितृ पक्ष समापन, गोकर्णेश्वरमा श्राद्ध गर्नेको घुइँचो

*प्रत्यूष समाचारदाता*

काठमाडौँ। प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु भएको पितृपक्ष शनिबार औँसी तिथि श्राद्ध गरेसँगै समाप्त भएको छ।

सोह्र श्राद्ध भने आश्विन शुक्ल प्रतिपदा अर्थात् आइतबार मातामह (आमाको बा) को श्राद्ध गरेसँगै समाप्त हुन्छ। हाल नेपाली समुदायमा नगन्य रूपमा मातामह को श्राद्ध हुने गरेको छ। आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्र वटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो। यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्व सदस्य एवं धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो।

चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नु अघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो। यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ।

यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पुरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ। यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ। सोह्रश्राद्ध अपराह्न कालमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उहाँले बताउनुभयो। जाताशौच, मृताशौच र पत्नी रजस्वला भएका अवस्थामा बाहेक सोह्र श्राद्ध छोड्नु नहुने धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ। कारणवश सोह्र श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन्। सोह्र श्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा यो कर्म गर्नुपर्ने विधान छ। आपत् धर्म अनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ। यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ। कार्तिककृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने धर्मसिन्धु नामक शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ। आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औँसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परेपनि रोकिएको सोह्रश्राद्ध गर्न सकिने शास्त्रीय विकल्प समेत निर्णयसिन्धु, धर्मसिन्धु लगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको छ। पितृ पक्ष आज सकिएसँगै आइतबारदेखि दुर्गा पक्ष अर्थात् बडादशैं पर्व सुरु हुन्छ। बडादशैं मनाउनुअघि पितृ तृप्तिका लागि सोह्र श्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ। ठूला पर्व वा चाड मनाउनुअघि पितृतृप्तिको कर्म गर्ने वैदिक सनातनी परम्परा छ। पितृ पक्षका अवसरमा राजधानीको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया धाममा सोह्र श्राद्ध गर्नेको घुइँचो थियो। श्रद्धालुले आज यस क्षेत्रमा औँसी तिथि श्राद्ध गरेका छन्। राजधानीमा डेरा लिएर बसेकाहरू यहाँ श्राद्ध गर्न आउने गरेको गोकर्णेश्वर नगरपालिका-४ का अध्यक्ष एवं मन्दिर व्यवस्थापन समितिका अध्यक्ष जयराम महतले जानकारी दिनुभयो।

## धिमेबाजा प्रतियोगिताको सिरुटारका दुई खेल बने विजेता र उपविजेता

भक्तपुर, २४ असोज: नगद रु ७५ हजार पुरस्कारसहित सूर्यविनायक नगरपालिका-१ सिरुटारको नासः धिमे खलःले सूर्यविनायक नगरस्तरीय धिमेबाजा प्रतियोगिता-२०८३ को विजेता बन्न सफल भएको छ।

शनिबार सूर्यविनायक गणेश मन्दिर परिसरमा सूर्यविनायक नगरपालिकाले आयोजना गरेको धिमेबाजा प्रतियोगितामा नगद पुरस्कारसहित प्रमाणपत्र तथा ट्रफी प्राप्त गरेको छ।

सूर्यविनायक-१ कै लुनिभा धिमे बाजा खलःले दोस्रो हुँदै रु ५० हजार नगद पुरस्कारसहित प्रमाणपत्र तथा ट्रफी प्राप्त गरेको छ। नगरभित्रका १३ वटा धिमे बाजा टोलीको प्रतिस्पर्धामा वडा नं १० को सिमलटार बाजा खलले तेस्रो स्थान प्राप्त गर्दै नगद रु २५ हजारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगितामा सहभागी प्रतिस्पर्धी सबै टोलीले धिमेबाजा टोलीलाई नगरपालिकाले नगद रु पाँच हजार तथा प्रमाणपत्र प्रदान गरेको छ। त्यसैगरी नगर प्रमुखले आफ्नो व्यक्तिगततर्फबाट सहभागी १० वटा टोलीलाई थप रु पाँच/पाँच हजार प्रदान गर्ने घोषणा पनि गर्नुभएको छ। बागमती प्रदेशका मुख्यमन्त्री किरण थापाले उद्घाटन गर्नुभएको प्रतियो-गिताको समापनमा नगर प्रमुख वासुदेव थापाले विजयी टिमलाई पुरस्कार प्रदान गर्नुभएको थियो।

## विभिन्न विधाका फोटो पत्रकार सम्मानित

काठमाडौँ। राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे) को २९औं वार्षिक साधारणसभाले फोटो पत्रकारिताको व्यावसायिक विकास, पेसागत सुरक्षा, तस्बिरको प्रतिलिपि अधिकार संरक्षण तथा फोटोको रोयल्टी सुनिश्चित गर्न पहल गर्नुपर्नेमा जोड दिएको छ। शनिबार सम्पन्न साधारणसभाले संस्थालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउँदै फोटो पत्रकारको हकहित संरक्षण र क्षमता अभिवृद्धिका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने निष्कर्ष निकालेको हो।

साधारणसभामा अध्यक्ष प्रदीपराज वन्तले प्रस्तुत गरेको अध्यक्षीय प्रतिवेदनमा फोटो पत्रकारिताको व्यावसायिक विकाससँगै पेसागत सुरक्षा, तस्बिरको उचित मूल्य, प्रतिलिपि अधिकारको संरक्षण र ऐतिहासिक तस्बिरको अभिलेखीकरणलाई प्रमुख मुद्दाका रूपमा उठाइएको छ। साधारणसभामा सहभागी पूर्वअध्यक्ष मीनरत्न बज्राचार्यले फोटो पत्रकारिताको व्यावसायिक विकाससँगै तस्बिरको संरक्षण र उचित प्रयोगमा ध्यान दिनुपर्ने बताउनुभयो। फोटो पत्रकारिताका विद्यमान चुनौती सामना गर्न संस्थागत पहल आवश्यक रहेको उहाँको भनाइ थियो।

फोटो पत्रकार सम्मानित

साधारणसभाको अवसरमा 'हरिगोपाल प्रधान फोटो पत्रकारिता सम्मान' पाँच विधामा प्रदान गरिएको छ। साहसिक विधामा अनुप प्रधान, पर्यावरण-पर्यटन विधामा तनहुँका सागर गिरी, मनोरञ्जन विधामा वद्री थापा, सांस्कृतिक विधामा प्रकाश गोपाली र खेलकुद विधामा पोखराका वसन्त शेर्पा सम्मानित हुनुभएको छ। पूर्वसशस्त्र प्रहरी नायब महानिरीक्षक माधव थापाद्वारा स्थापित 'माधव थापा जोखिमपूर्ण फोटो पत्रकारिता पुरस्कार-२०८३' हरिश सिंह नगाललाई नगद रु पाँच हजारसहित प्रदान गरिएको छ।

## चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू गर्न निर्देशन

*प्रत्यूष समाचारदाता*

काठमाडौँ। नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू गर्न प्रहरी कर्मचारी लाई निर्देशन दिनुभएको छ।

महानिरीक्षक कार्कीले शनिबार भर्चुअल माध्यममार्फत प्रहरी कर्मचारीलाई सम्बोधन गर्दै नजिकिँदै गरेका महान् चाडपर्वलाई लक्षित गरी विशेष सुरक्षा योजना अवलम्बन गर्न र प्रभावकारी रूपमा प्रहरी परिचालन गर्न निर्देशन दिनुभएको हो। उहाँले चाडपर्वका समयमा हुनसक्ने चोरी, लुटपाटलगायत आपराधिक गतिविधि नियन्त्रण गर्न उच्च सतर्कताका साथ काम गर्नुपर्ने बताउनुभयो। प्रहरी महानिरीक्षक कार्कीले नागरिकका समस्या समयमै सम्बोधन गर्दै प्रहरी सेवा थप प्रभावकारी, व्यावसायिक, उत्तरदायी र जवाफदेही बनाउनु पर्नेमा जोड दिनुभयो। उहाँले आ-आफ्नो जिम्मेवारी क्षेत्रको सुरक्षा व्यवस्थापनका लागि आवश्यक योजना निर्माण गरी स्थानीय तह तथा सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्नुपर्ने बताउनुभयो। चाडपर्वका समयमा हुनसक्ने सवारी दुर्घटना न्यूनी करणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ थियो।

यस्तै, सीमानाकामा हुनसक्ने आपराधिक गतिविधि तथा तस्करी नियन्त्रण र फरार प्रतिवादी पक्राउलाई प्राथमिकतामा राख्न उहाँले आग्रह गर्नुभयो। अपराध नियन्त्रणका लागि सूचना सङ्कलन तथा विश्लेषणलाई प्रभावकारी बनाउँदै आवश्यकताअनुसार प्रहरी परिचालन गर्नुपर्ने उहाँको भनाइ थियो। प्रहरी महानिरीक्षक कार्कीले प्रहरी कर्मचारीलाई व्यावसायिक मर्यादा र अनुशासन पूर्ण रूपमा पालना गर्न तथा सामाजिक सञ्जाल प्रयोगमा संवेदनशील हुन आग्रह गर्नुभयो।

सो क्रममा गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरी कर्मचारी लाई कानुनी दायरामा ल्याइने उहाँको भनाइ थियो।

कार्यक्रममा केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेलगायत वरिष्ठ प्रहरी अधिकारी तथा देशभरका विभिन्न प्रहरी कार्यालयका प्रमुख र प्रतिनिधिहरू लगायतको भर्चुअल उपस्थिति थियो।

## पोखरा पर्वतीय दौडमा सुदूरपश्चिमका नरेन्द्र च्याम्पियन

*प्रत्यूष समाचारदाता*

कास्की। पोखरामा शनिबार सम्पन्न तेस्रो संस्करणको पर्वतीय दौड प्रतियोगिताको उपाधि सुदूरपश्चिम प्रदेशका नरेन्द्रसिंह रावतले जितेका छन्।

पोखरा-२२ पुम्दी-भुम्दीमा आयोजित प्रतियोगितामा निर्धारित आठ किमी दूरी उनले ३४ मिनेट ३५ सेकेण्डमा पूरा गरी उपाधि रक्षा गर्न सफल भए। बैतडीका रावतले अघिल्लो संस्करणको उपाधिसमेत जितेका थिए। च्याम्पियन नरेन्द्रले उपाधिसहित नगद रु ५० हजार, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरे। यसैगरी गौतम श्रेष्ठले निर्धारित दूरी ३५ मिनेट १६ सेकेण्डमा पूरा गरे। उनले रु ३० हजार पुरस्कार पाए। नीरज भट्ट क्षेत्रीले ३५ मिनेट २९ सेकेण्डमा दौड पूरा गरेर तृतीय बने। उनले रु १५ हजार पुरस्कार पाए। महिलातर्फ खोटाङकी दीर्पा बस्नेत प्रथम हुन सफल भइन्। उनले निर्धारित आठ किमी दूरी ४८ मिनेट १३ सेकेण्डमा पार गरेकी थिइन्। पहिलो सहभागितामा उपाधि विजेता उनले नगद रु १५ हजार प्राप्त गरिन्।

दोरपता कठायतले ५० मिनेट २० सेकेण्ड समय लगाइन् र द्वितीय बन्दै रु सात हजार पुरस्कार पाइन्। मीनु बुढाले ५१ मिनेट १३ सेकेण्ड लगाउँदै तृतीय हुन सफल भइन् र रु पाँच हजार पुरस्कार पाइन्। यू-१६ तर्फ कमल विक प्रथम, मुलुक सिंह खत्री द्वितीय र सक्षम बोहोरा तृतीय भए। पोखरा-२२ वडाअन्तर्गत किशल परियार प्रथम भए। सुयन विकले द्वितीय स्थान बनाउँदा कमल पौडेल तृतीय भए।

भेट्रान्सतर्फ तेजबहादुर गुरुङ प्रथम हुन सफल भए। किशोर थापा द्वितीय र कमल गुरुङ तृतीय बने। विदेशी धावकतर्फ फ्रान्सका माथियस डियोन प्रथम, रसियाका अलेकजेण्डर दोस्रो भए। खुलाबाहेक बाँकी विधामा प्रथम, द्वितीय र तृतीयले क्रमश रु १५हजार, रु १० हजार रु सात हजार नगदका साथमा मेडल र प्रमाणपत्र पुरस्कार पाए।

पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकद्वारा विश्व पर्यटन दिवस सन्दर्भमा आयोजित दौड विश्व शान्ति स्तूपदेखि सुरु भएर विशाल महादेवको मूर्ति, वडा कार्यालय हुँदै बुद्ध पार्क पुगेर समापन भएको हो। विजयी खेलाडीलाई पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य, पोखरा-२२ का वडाध्यक्ष हिमलाल



बराल, महानगरका प्रमुख प्रशासकीय अधिकृत, राजन पौडेल, गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयका उप-सचिव टङ्कप्रसाद ढकाल, सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनीका शसस्त्र प्रहरी नायब महानिरीक्षक प्रवीण कँडेल, लगायतले पुरस्कार वितरण गर्नुभयो। सोही पुम्दीभुम्दी को पर्यटन प्रवर्द्धन र स्थानीय क्षेत्रको विकासमा योगदान दिएका राज गुरुङ 'लाला' र म्याराथन धावक अर्जुन गोदारलाई सम्मान गरिएको थियो। गुरुङ कालाबाङ घरेडी बुद्ध पार्कका परिकल्पनाकार तथा कालाबाङ घरेडी बुद्ध पार्क विकास संस्थाका संस्थापक अध्यक्ष हुनुहुन्छ।

सम्पादकीय ....

## परम्परा नबिर्सौं

संस्कृति भनेको केवल चाडपर्व मनाउने परम्परा मात्र होइन, यसले भाषा, भेषभूषा, कला, संगीत, नृत्य, जीवनशैली, सामाजिक सम्बन्ध, धार्मिक आस्था र सामुदायिक अभ्यासहरूलाई समेट्छ। नेपाल जस्तो बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक देशमा संस्कृति नै पहिचानको मूल आधार हो तर पछिल्लो समय विशेषगरी शहर केन्द्रित युवापुस्तामा परम्परागत अभ्यासप्रति चासो घट्दै गएको देखिन्छ। धेरै युवा आफ्नो मातृभाषाभन्दा नेपाली वा अंग्रेजी भाषामा सहज महसुस गर्छन् । कतिपय समुदायमा नयाँ पुस्ताले मातृभाषा बोल्न नजान्ने अवस्था समेत सिर्जना भएको छ । भाषा हराउनु भनेको केवल शब्द हराउनु होइन, त्यससँगै इतिहास, लोककथा, मौखिक परम्परा र सामुदायिक स्मृति पनि हराउनु हो ।

त्यस्तै, चाडपर्व मनाउने शैलीमा पनि परिवर्तन आएको छ। पहिले धार्मिक र सांस्कृतिक अर्थका साथ मनाइने पर्वहरू अहिले धेरैका लागि औपचारिकता वा सामाजिक भेटघाटको माध्यम मात्र बन्न थालेका छन् । दशैं, तिहार, इन्द्रजात्रा, गाईजात्रा, ल्होसार, उधौली-उभौली जस्ता पर्वहरूको गहिरो सांस्कृतिक सन्देशभन्दा पनि रमाइलो, घुमफिर र सामाजिक सञ्जालमा तस्वीर हाल्ने प्रवृत्ति बढी देखिन्छ।

यसले पर्वको आत्मा कमजोर भएको जस्तो अनुभूति गराउँछ । परम्परागत भेषभूषा पनि विशेष अवसरमा मात्र सीमित हुँदै गएको छ। दैनिक जीवनमा आधुनिक वा पाश्चात्य पहिरनको प्रभाव स्पष्ट देखिन्छ। गाउँबाट शहर, र देशबाट विदेश जाने युवाहरू नयाँ परिवेशमा घुलमिल हुँदै जाँदा आफ्नो सांस्कृतिक अभ्यासमा परिवर्तन ल्याउँछन्। विदेशी संस्कृतिको प्रभाव, जीवनशैली र मूल्य-मान्यताले उनीहरूको सोचाई परिवर्तन गरेको हुन्छ।

परिवर्तन स्वाभाविक भए पनि यदि आफ्नै जरा बिर्सिने अवस्था आयो भने सांस्कृतिक निरन्तरतामा समस्या देखापर्न सक्छ। विशेषगरी परम्परागत सीप र कलामा युवापुस्ताको आकर्षण घट्नु चिन्ताको विषय बनेको छ।

माटोका भाँडा बनाउने कुमाल, काठ कुँद्ने शिल्पी, धातुकला, ढाकाटोपी बुन्ने कारीगर जस्ता परम्परागत पेशाहरूमा नयाँ पुस्ताको संलग्नता न्यून हुँदै गएको छ। यसले दीर्घकालमा यी सीपहरू लोप हुने जोखिम बढाएको छ।

यो एउटा पाटो भयो भने फेरि अर्को पाटोमा यस्तो युवा समूह पनि छ जसले संस्कृति र परम्परा जोगाउन लागि परेका छन्। उनीहरु पुर्खाले दिएको सम्पत्ती भावी पुस्तासम्म पुऱ्याउनु पर्छ भन्ने मान्यता राख्ने गरेको पाइन्छ।

परिवर्तनलाई सधैं नकारात्मक रूपमा मात्र हेर्न मिल्दैन। संस्कृति स्थिर वस्तु होइन, यो समयसँगै परिवर्तनशील हुन्छ। आजका युवाहरूले परम्परालाई नयाँ ढंगले प्रस्तुत गर्ने प्रयास पनि गरिरहेका छन्। लोकदोहोरी र देउडा जस्ता परम्परागत संगीत आधुनिक वाद्यवादनसँग मिसिएर नयाँ स्वादमा प्रस्तुत भइरहेका छन्। सामाजिक सञ्जालमार्फत युवाहरूले आफ्नो समुदायको संस्कृति प्रचार-प्रसार गरिरहेका छन् । विभिन्न सांस्कृतिक महोत्सव, कला प्रदर्शनी र नाटकहरूमा युवापुस्ताको सक्रिय सहभागिता पनि देखिन्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# सन्दर्भः अण्डाको उत्पादन र खपत बढाउन आवश्यक

नारायण अधिकारी

चितवन। मानव स्वास्थ्य का लागि अत्यावश्यक 'अण्डा'को उत्पादन र खपत बढाउनु पर्ने कुरामा जोड दिइएको छ। मानव शरीरका लागि अत्यावश्यक पोषण तत्व 'अण्डा'बाट प्राप्त हुने भएकाले यसको उत्पादन बढाएरसँगै खपत पनि बढाउनु पर्नेमा सरोकार वालाहरुले सुझाव छ।

यसै सन्दर्भमा नेपालमा 'अण्डा'को उत्पादन र खपत बढाउन यहाँ बहस कार्यक्रम आयोजना गरिएको छ। विश्व अण्डा दिवसको अवसरमा नेपाल लेयर्स कुखुरापालक संघद्वारा शुक्रबार यहाँ आयोजना गरेको उक्त छलफल कार्यक्रममा सरोकारवालाहरुले निजी क्षेत्र र सरकारी निकायको संयुक्त प्रयासमा 'अण्डा' उत्पादन बढाउन र यसको खपत बृद्धि गर्न आवश्यक रहेकामा जोड दिएका छन्।

कार्यक्रममा नेपाल लेयर्स कुखुरा पालक संघका केन्द्रीय अध्यक्ष विनोद पोखरेलले सरकारले सहयोग र साथ दिएमा 'अण्डा' उत्पादन बढाउन आफूहरुले सक्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "'अण्डा' उपभोग बढाउन आफूहरुले गर्ने आग्रहलाई व्यवसायसँग जोड्ने भएकाले सरकारी तवरबाट जे हो त्यस विषयलाई आम जनतासम्म पुऱ्याइदिनुपर्छ। " उहाँले 'अण्डा' ले लागत अनुसारको मूल्य पाउन थालेपछि किसानहरू पनि आर्कषित हुन थालेको जनाउँदै केही नाफा आएसँगै कृषकको संख्या पनि बढ्ने जानकरीदिनुभयो । अध्यक्ष पोखरेलले भन्नुभयो, "भारतबाट भन्सार छलेर आउने 'अण्डा' गत वैशाखदेखि रोकिएपछि किसानहरूले राहत महसुस गरेका छन् । विद्यार्थीहरुको दिवा खाजामा सबै दिन अण्डा खुवाउने व्यवस्था सरकारी तर्फबाट भएमा प्रति अण्डा रु. ५ किसानको तर्फबाट छुट दिन आफूहरु तयार छौं।"

उहाँका अनुसार हाल नेपालमा दैनिक ३८ लाख हाराहारी 'अण्डा' उत्पादन हुने गरेको छ। देशभरका लेयर्स पाल्न किसानहरूलाई संगठित गरेर कोभिड-१९को महामारी पूर्वको अवस्था जस्तो दैनिक ६५ देखि ७० लाख 'अण्डा' उत्पादन गर्ने नीति अनुरूप काम भइरहेको छ। चार वर्ष अघिसम्म १२० को हाराहारीमा रहेका लेयर्स कुखुरापालक ठूला किसानको संख्या अहिले बढेर १८० पुगेको छ भने 'अण्डा' का बजारमा मूल्य प्रति क्यारेट (३० वटा) करिब ६ सयको हाराहारीमा पुगेको छ। व्यवसायीहरूको प्रति 'अण्डा' को लागत मूल्य रु.१९.१२ याँ पर्ने संघका अध्यक्ष पोखरेलले जानकारी दिनुभयो। चार वर्ष अघि 'अण्डा' उत्पादन गर्ने किसान अधिकांश विस्थापित भएर रहेका केही मिलेर संगठित भई बजारीकरण गरेकै कारण आज लागत मूल्य पाउने अवस्थामा आफूहरु पुगेको उहाँले जानकारी दिनुभयो।

नेपालमा हाल वार्षिक प्रतिव्यक्ति ६९ 'अण्डा' खपत

पोषण विज्ञ डा दिनेश गौतमले अन्य देशको तुलनामा नेपालमा 'अण्डा' को खपत निकै कम रहेको तथ्यांक प्रस्तुत गर्नुभयो। उहाँका अनुसार विश्वमा प्रतिवर्ष सरदर खपत १८५ वटा छ । एसियाको तथ्यांक हेर्दा विश्वको तुलनामा दुई वटा बढी अर्थात् १८७ रहेको छ। दक्षिण एसियामा जम्मा ८७ मात्रै छ । यो विश्वको तथ्यांकलाई हेर्दा ९८कम हो।

नेपालमा अहिले वार्षिक प्रतिव्यक्ति ६९ 'अण्डा' खपत हुने गरेको छ। यो विश्वको तथ्यांकलाई हेर्दा ११६ कम हो। भारतमा ११२, श्रीलंकामा १३२, बंगलादेशमा १३७, पाकिस्तानमा ४८ र अफ्रिकामा ४० मात्रै खपत हुने गरेको उहाँले जानकारी दिनुभयो।

सन् २०१५ मा नेपालमा वार्षिक प्रतिव्यक्ति ६० 'अण्डा' खपत हुने गरेकामा अहिले बढेर ६९ पुगेको पोषण विज्ञ डा गौतम भनाइ छ। १५ प्रतिशत बृद्धि भएपनि यस अवधिमा जनसंख्या बृद्धि ६ प्रतिशत रहेको उहाँले बताउनुभयो। विश्वमा सबैभन्दा बढी चीनमा 'अण्डा' उत्पादन हुन्छ भने दोस्रोमा भारत रहेको छ । ती देशमा उत्पादन बढी हुँदै गर्दा नेपालमा 'अण्डा' उत्पादन बढाएर खपत समेत बढाउनु पर्ने उहाँको भनाइ थियो।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव डा.रामानन्द तिवारीले 'अण्डा' को उत्पादन मात्रै बढाएर नपुग्ने जनाउँदै खपत बढाउनु पर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सरकारी तवरबाट समेत 'अण्डा' को प्रयोग बढाउन प्रचारात्मक काम गरिएको छ । कृषकहरुलाई प्रोत्साहन गर्ने गरी कृषि ऐन जारी गर्न लागिएको छ । यसले किसानका सन्तानलाई छात्रावृत्ति, कृषि क्षेत्रका विभिन्न खालका ढुवानीका साधनलाई छुट्टै नम्बर, कृषक र परिवारलाई यातायातमा छुट जस्तो विषय समावेश गरिएको छ र कृषि पेशालाई गर्व गर्न योग्य बनाईने छ। "

'अण्डा' प्रोटिनको स्रोत : चिकित्सक

सो अवसरमा बरिष्ठ फिजिसियन डा. भोजराज अधिकारी ले 'अण्डा' प्रोटिनको स्रोत मात्र नभई शरीरको वृद्धि, विकास र समग्र स्वास्थ्यका लागि आवश्यक विभिन्न पोषक तत्वको महत्वपूर्ण स्रोत भएको बताउनुभयो। उहाँले 'अण्डा' शरीरलाई आवश्यक पर्ने उच्च गुणस्तरको प्रोटिनको सहज तथा तुलनात्मक रूपमा सुलभ स्रोत भएकाले यसको महत्वबारे सही जानकारी आम नागरिकसम्म पुऱ्याउन आवश्यक रहेको समेत बताउनुभयो । उहाँले भन्नुभयो "एउटा अण्डामा करिब ६ ग्राम प्रोटिनसँगै भिटामिन ए, बी समूह, डी, ई, फोलेट, फस्फोरस, सेलेनियम, जिंक लगायतका विभिन्न पोषक तत्व पाइन्छन्।"

एउटा 'अण्डा' को पहेंलो भाग समेत खान हुने जनाउँदै उहाँले दुई वर्ष पुगेपछि बच्चालाई 'अण्डा' खुवाउन मिल्ने बताउनुभयो। उहाँले भन्नुभयो "अण्डाका परिकार बनाउँदा नै दुइ 'अण्डा'लाई एउटा सम्झेर बनाउनु पर्छ।"

युसेक अमेरिकन सोयका कन्ट्री मार्केट लिड डा अशेष भट्टराईले नेपालको 'अण्डा' उत्पादन र बजारीकरणमा आफूहरुले सहयोग गर्दै आएको जनाउँदै निजी र सरकारी क्षेत्रको साझेदारीमा मात्रै उत्पादन र खपत बढाउन सकिने बताउनुभयो । 'अण्डा' मा हुने गुणका विषयमा आम नागरिकसम्म पुऱ्याउन उहाँको जोड थियो । सहभागीहरुले विद्यालयका पाठ्यक्रमहरुमा 'अण्डा'को महत्व समावेश गरी पठनपाठनको व्यवस्था गर्नुपर्ने, अण्डाले लागत मूल्य पाउनु पर्ने परिस्थिति सरकारले सिर्जना गर्नुपर्नेमा जोड दिएका थिए।

# चितवन मेडिकल कलेजद्वारा स्वयंसेविकालाई स्तन क्यान्सर सम्बन्धी प्रशिक्षण

चितवन। चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालको भगिनी संस्था सिएमसी क्यान्सर इन्स्टिच्यूटले भरतपुर महानगर भित्रका स्वास्थ्य स्वयंसेविकाहरुलाई स्तन क्यान्सर सम्बन्धी सचेतना प्रदान गरेको छ। महानगरका वडा नं. १ देखि २९ सम्मका दुई सय बढी स्वयंसेविकालाई आज सचेतना प्रदान गरिएको हो।

सो अवसरमा अस्पतालका स्तन क्यान्सर सर्जन डा. संगीता थापाले स्वयंसेविका मार्फत् वडा वडामा सचेतना फैल्याउने अभियान शुरु गरिएको बताउनुभयो। उहाँले भन्नुभयो "यहाँ सिकेका ज्ञान तपाईहरुले घरघरसम्म पुऱ्याएर सचेतना फैल्याउनु हुनेछ।"

स्तन क्यान्सर भयो भन्दैमा डराउनु नपर्ने जनाउँदै उहाँले समयमा पहिचान गरी उपचार गरेमा निको हुने बताउनुभयो। समय समयमा स्तन क्यान्सर छ छैन भनी परीक्षण गरेर ढुक्क भएर बस्न उहाँको सुझाव छ। स्तनमा भएका कोषिकाहरुको असामान्य बृद्धिलाई स्तन क्यान्सर भनिने जनाउँदै उहाँले आफैले छामेर पनि गाँठागुँठी पत्ता लगाउन सकिन्छ भन्नुभयो। उहाँले भन्नुभयो "स्तनका सबै गाँठागुँठी क्यान्सर हुँदैनन्, तर क्यान्सर हो होइन परीक्षण गरेर निर्क्यौल गर्नुपर्छ।" कार्यक्रममा भरतपुर महानगर स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत केशव भट्टले स्वयंसेविका मार्फत् सन्देश घरघरमा पुग्ने हुँदा यो कार्यक्रम निकै प्रभावकारी हुने बताउनुभयो । संघीय सरकारले रु.एक लाख र बागमती प्रदेश सरकारले रु. ५० हजार क्यान्सर उपचारका लागि दिने जनाउँदै स्तन र पाठेघरको क्यान्सरका लागि त्यसमा पनि थप रु. ५० हजार प्रदेशले सहयोग गर्ने जानकारी दिनुभयो।

अस्पतालका निर्देशक प्रा.डा.गोपेन्द्र द्वाले क्यान्सरको सहज उपचारका लागि चितवन मेडिकल कलेजले छुट्टै क्यान्सर ईन्स्टिच्यूट सञ्चालन गरेको जानकारी दिनुभयो। उहाँले क्यान्सर उपचारका लागि आउने बिरामी अन्यत्र भौतारिनु नपर्ने जनाउँदै सम्पूर्ण सुविधा एउटै भवनबाट दिइएको उहाँको भनाइ छ।

शैक्षिक निर्देशक प्रा.डा. दयाराम लम्साल, प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटा, मेडिकल अंकोलोजिष्ट डा. सुदिप थापा, रेडिएसन अंकोलोजिष्ट डा.सुवास ठाकुर लगायतले अस्पताले संघीय सरकार र प्रदेश सरकारले दिने विपन्न सबै सुविधा यस अस्पताल बाट प्रदान गरिएको जानकारी दिनुभयो । कार्यक्रममा भरतपुर महानगरका सबै वडाका स्वयम् सेविका हरुको सहभागिता रहेको थियो । अक्टोबर महिनालाई विश्वभरी स्तन क्यान्सर सचेतना महिनाका रुपमा मनाउने गरिन्छ। यसै अवसरमा अस्पतालले एक महिनाभरी स्तन क्यान्सर निःशुल्क परीक्षण समेत सुरुआत गरेको छ।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं ।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं ।**

नेपाल सरकार,
विज्ञापन वोर्ड

# वरिष्ठ मूर्तिकार कुमालेलाई मरणोपरान्त ग्लोबल अवार्ड प्रदान गरिने

प्रत्यूष समाचारदाता

ललितपुर । नेपाली परम्परागत मूर्तिकलाका वरिष्ठ कलाकार, नेपालका प्रथम ललितकला उपाधिप्राप्त कलाकार तथा 'क्रोधकला शिरोमणि' स्व कालु कुमालेलाई मरणोपरान्त 'ग्लोबल अवार्ड' प्रदान गरिने भएको छ ।

ललितपुरमा शनिबार आयोजित कुमालेको श्रद्धाञ्जली सभाका अवसरमा इन्फिनिटी सर्भिस संस्थाकातर्फबाट उक्त जानकारी दिइएको हो । कार्यक्रम आगामी नोभेम्बर १ तारिखमा हुनेछ ।

विसं १९९० जेठ २७ गते ललितपुरको ऐतिहासिक ओकुबाहल मा जन्मनुभएका कालु कुमालेको ९४ वर्षको उमेरमा यही असोज ६ गते निधन भएको थियो। स्वभावले अत्यन्त शान्त भए पनि रौद्ररूपी क्रोधमुद्राका मूर्ति निर्माणमा सिद्धहस्त उहाँले नेपाली परम्परागत मूर्तिकलालाई विश्वमञ्चमा चिनाउन ऐतिहासिक भूमिका निर्वाह गर्नुभएको थियो ।

विसं २०१८ मै उहाँका कलाकृति बेलायतस्थित विश्वप्रसिद्ध 'भिक्टोरिया एण्ड अल्बर्ट म्युजियम' मा पुगेका थिए । आफ्नो जीवनकाल मा ६०० भन्दाबढी उत्कृष्ट मूर्ति सिर्जना गर्नुभएका उहाँका कलाकृति विश्वका ५५ भन्दाबढी राष्ट्रमा पुगेका छन् । कुमालेका सिर्जनामा चतुर्भुज भैरव, बाराही, गणेश भैरव, अष्टमातृका गण, वज्र तथा नागदेवता का विभिन्न प्रतिष्ठित मन्दिरमा स्थापित मूर्ति रहेका छन्। अर्घौं दरबारमा रहेको २१ फिट अग्लो भगवतीको मूर्ति र पाटन दरबार सङ्ग्रहालयमा रहेको साढे छ फिट अग्लो बाराही जोगिनीको मूर्ति उहाँका उत्कृष्ट कलाकृतिका रूपमा परिचित छन् । उहाँको कलात्मक उचाइको चर्चा गर्दै विसं २०३० मै विश्वविख्यात लेखकद्वय इयान इसप र जिल्लि कार्ल्टनले त्रिभुवन विश्वविद्यालयबाट प्रकाशित मुखपत्रमा विशेष लेख प्रकाशन गर्नुभएको थियो ।

इन्स्टिच्युट फर सोसियो एण्ड एनालासिस संस्थाद्वारा लिखित तथा २०७९ सालमा प्रकाशित उहाँको जीवनीमा आधारित पुस्तक 'देउता बनाउने मान्छे' उपराष्ट्रपति रामसहायप्रसाद यादवबाट विमोचन भएको थियो । स्व कुमालेको आत्मवृत्तान्त समेटिएको उक्त पुस्तकमा उहाँले निष्ठा, धैर्य र इमानदारीलाई सफलताको मूल मन्त्र मान्ने गरेको उल्लेख छ । "हातमा काम लिइ भगवान्को नाम जप्दै मर्न पाउनु, मानिसले आफ्ना कुकृत्य अरूबाट लुकाए पनि मनबाट कहिल्यै लुकाउन नसक्ने र मरेर लैजाने भनेको कुशल तथा अकुशल कर्म मात्र हो", भन्ने जीवनदर्शन उहाँले अगाल्नुभएको थियो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, बागमती प्रदेश हस्तकला सङ्घ, नेपाल व्यावसायिक कलाकार सङ्घ, पाटन सङ्ग्रहालय विकास समिति, नेपाल कलापरिषद्, ज्यापू समाज ललितपुर र नेपाल सम्पदा सङ्घको संयुक्त आयोजनामा शोकसभा सम्पन्न भएको थियो । शोकसभामा स्व कुमालेको तस्वीरमा माल्यार्पण गर्नुका साथै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै मौनधारण गरिएको थियो । शोकसभामा ललितपुर महानगर पालिकाकी उपप्रमुख मञ्जली शाक्य आस्था, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानकी कुलपति एरिना ताम्राकार, कमर्शियल आर्टिस्ट एशोसिएसन नेपालका अध्यक्ष प्रेम श्रेष्ठ, पाटन सङ्ग्रहालयका कार्यकारी निर्देशक रमेशराज पौडेल, नेपाल सम्पदा सङ्घका अध्यक्ष धर्मराज शाक्य, ज्यापू समाज ललितपुरका अध्यक्ष सन्तमान महर्जन तथा स्व कुमालेका निकट सहयोगी एवं साइला छोरा मूर्तिकार राकेश अवालेले मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँहरूले वरिष्ठ मूर्तिकार कुमालेले नेपाली परम्परागत कला र धातु मूर्तिकलामा पुऱ्याउनुभएको अतुलनीय योगदानको स्मरण गर्नुभयो ।

कार्यक्रममा स्व कुमालेका छोरा राजेश अवाले तथा छोरीहरू पुनमाया र शोभासहित परिवारका सदस्य, बागमती प्रदेश हस्तकला सङ्घका अध्यक्ष नवीन शाक्य, ललितकलामा कार्यरत विभिन्न व्यक्तित्व, कलाप्रेमी तथा अन्य प्रतिष्ठित व्यक्तिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा लोककवि जकःमिले कुमालेको योगदानबारे नेपाल भाषामा कविता प्रस्तुत गर्नुभएको थियो ।

# बाढीपहिरोबाट रु १० करोडको क्षति

बागलुङ । बाढीपहिरोबाट जिल्लाको निसीखोला गाउँपालिकामा झण्डै रु १० करोडको क्षति पुगेको छ । असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षाले गाउँपालिकाले ठूलो धनजनको क्षति व्यहोर्नु परेको हो ।

अविरल वर्षासँगै आएको बाढीपहिरोले बागलुङको निसीखोला गाउँपालिकामा पाँच जनाको मृत्यु भएको छ भने करिब रु १० करोड बराबरको भौतिक क्षति पुऱ्याएको निसीखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुनमगरले बताउनुभयो ।

निसीखोला गाउँपालिका-३ मा पहिरोले घर पुरिँदा एकैपरिवारका चार जनाको मृत्यु भएको छ । पहिरोमा परी श्यामकुमारी विक र उनका तीन छोरा मनोज, मुकेश तथा निसान विकको ज्यान गएको हो । यस्तै निसीखोला-६ मा गोठ पुरिँदा गोठभित्र सुतिरहेका सुर्ज घर्तीमगरको मृत्यु भएको थियो ।

गाउँपालिका-४ स्थित कानाबगर र झिवाखोला बजारको केही भाग बगरमा परिणत भएको छ । मध्यपहाडी लोकमार्गको निसीखोला खण्डमा ठूलो क्षति बनाएको छ । झिवाखोला बजारको पुरानो बजार, हाडवेयर, फर्निचर, किराना पसल तथा लिटिल रोज बोर्डिङसहित प्रहरी चौकीमा क्षति पुऱ्याएको छ ।

गाउँपालिकामा सडक पूर्वाधार, निजी आवास, विद्यालय तथा स्वास्थ्य चौकी भवन, खानेपानी, सिँचाइ, लघु विद्युत, पुल र कृषि क्षेत्रमा ठूलो क्षति भएको छ ।

# बेगनासको माछा र मौलिक संस्कृति प्रवर्द्धन गर्न 'फिस फेस्टिभल'

कास्की । पोखरा उपत्यकाको दोस्रो ठूलो बेगनास तालको पहिचानलाई स्थानीय माछा, रैथाने खानपान र मौलिक संस्कृतिसँग जोड्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'बेगनास फिस फेस्टिभल' तथा देउसीभैलो प्रतियोगिता आयोजना हुने भएको छ ।

'माछाको स्वाद, संस्कृतिको पहिचान, हाम्रो मौलिकताको सम्मान' भन्ने नारासहित आगामी कात्तिक १३ देखि २३ गतेसम्म पोखरा महानगरपालिका-३१ मा सञ्चा-लन हुने महोत्सवले स्थानीय उत्पादनको बजारीकरण, सांस्कृतिक संरक्षण र आर्थिक गतिविधि विस्तारमा जोड दिने आयोजकले जनाएको छ ।

बेगनास ताल माछाको विविधताका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । यहाँ स्वदेशी प्रजातिका साथै व्यावसायिक उत्पादनका लागि भित्र्याइएका बाह्य प्रजातिका माछा पाइन्छन् ।

यसअघिको एक अध्ययनमा बेगनासमा १७ प्रजातिका माछा अभिलेख गरिएको थियो । तीमध्ये ११ स्वदेशी र छ बाह्य प्रजातिका थिए । स्वदेशी प्रजातिमा सहर, कत्ले, चचुने, फगेटा, पोथी तथा अन्य साना प्रजातिका माछा अभिलेख गरिएका छन् । व्याव सायिक रूपमा पालिने बाह्य प्रजातिमा तिलापिया, सिल्भर कार्प, बिगहेड कार्प, ग्रास कार्प र कमन कार्पजस्ता माछा पर्छन् ।

होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथले आयोजना गर्ने महोत्सवबारे जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा एसोसिएसनका अध्यक्ष एवं महोत्सव संयोजक सुरेश लामिछाने ले बेगनास क्षेत्रको पर्यटन सम्भावनालाई उजागर गर्दै स्थानीय व्यवसायलाई चलायमान बनाउन महोत्सव उपयोगी हुने कुरा उहाँले बताउनुभयो ।

महोत्सवमा स्थानीय माछाका विभिन्न परिकारको बिक्री, मोती खेतीसम्बन्धी जानकारीमूलक प्रदर्शनी, व्यापारिक मेला, राष्ट्रिय कलाकारको साङ्गीतिक प्रस्तुति, पप कन्सर्ट, देउसीभैलो प्रतियोगिता तथा विभिन्न कम्पनीका उत्पादनको प्रदर्शनी र बिक्री गरिनेछ । "बेगनास ताल आसपासका पर्यटकीयस्थलको प्रचारप्रसार गरी पर्यटकको आकर्षण बढाउने कार्यक्रमसमेत समावेश गरिनेछ", लामिछानेले भन्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पोखरा महानगरपालिकाभित्रका आठवटै ताललाई तिनको विशेषता र सम्भावनाअनुसार विकास गर्नुपर्नेमा जोड दिनुभयो । "तालहरूको पहिचान स्थापित गर्दै व्यवस्थित रूपमा प्रवर्द्धन गर्नसके पोखरालाई तालैतालको पर्यटकीय सहरका रूपमा विकास गर्न सकिन्छ", भुजेलले भन्नुभयो ।

सम्भाव्यताका आधारमा एउटा ताललाई जलक्रिडा केन्द्रका रूपमा विकास गर्नसके पानीमा आधारित गतिविधिमा रुचि राख्ने पर्यटकलाई आकर्षित गर्न सकिने उहाँको भनाइ छ ।

एसोसिएसनका संस्थापक अध्यक्ष दुर्गाप्रसाद अधिकारीले विसं २०७१ देखि सुरु भएको 'फिस फेस्टिभल'को पाँचौं संस्करणपछि कोभिड-१९ का कारण लामो समयसम्म आयोजना गर्न नसकि-एको बताउनुभयो । कृषि, पर्यटन र शैक्षिक संस्थालाई जोड्दै स्थानीय माछाका परिकारको प्रवर्द्धन गर्ने, लोप हुँदै गएको मौलिक देउसीभैलो संस्कृतिको संरक्षण गर्ने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यले महोत्सवलाई निरन्तरता दिन लागिएको उहाँले स्पष्ट पार्नुभयो । पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले स्थानीय उत्पादन तथा रैथाने खानाको प्रवर्द्धनबाट क्षेत्रको आर्थिक गतिविधि बढाउन र पर्यटकको अवधि लम्ब्याउन सहयोग पुग्ने बताउनु भयो ।

स्थानीय माछाका परिकार तथा रैथाने खानाको प्रवर्द्धनमा महानगरपालिका सहयोग गर्न तयार रहेको उल्लेख गर्दै उहाँले गाउँ र सहरबीच सहकार्य गरेर उत्पादन र आर्थिक विकासको काम गर्न आग्रह गर्नुभयो । महोत्सवबाट बचत भएको रकम तालबराही, गोरखनाथ मन्दिर र बेगनास ताल क्षेत्रको विकासमा खर्च गर्ने योजना रहेको जनाइएको छ ।

# सामूहिक प्रयासमा स्वाद र स्वास्थ्यका लागि 'रैथाने खाजा' घर सञ्चालन

खोटाङ । सामाजिक, राजनीतिक, शैक्षिक तथा पत्रकारिताका क्षेत्रमा क्रियाशील खोटाङे युवाले सामूहिक लगानी गरेर दिक्तेल बजारमा 'रैथाने खाजा' घर सञ्चालनमा ल्याएका छन् । सालपा कृषि कम्पनी प्रालि खोटाङमा आबद्ध युवाले 'स्वाद र स्वास्थ्यका लागि रैथाने खाजा' नारा दिएर जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजारस्थित किरातचोकमा रैथाने खाजा घर सञ्चालनमा ल्याएका हुन् ।

आयातीत खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर गरिरहेकाले रैथाने खाजा घर सञ्चालन गरिएको सालपा कृषि कम्पनी प्रालिका अध्यक्ष ध्रुवकुमार श्रेष्ठले जानकारी दिनुभयो । "आयातीत खाद्यान्न तथा दैनिक उपभोग्यवस्तुको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर गरिरहेको छ । यसलाई निरुत्साहित गर्दै पुर्खौंदेखि हाम्रा पुर्खाले उपभोग गर्दै आएको खानेकुरालाई गाउँघरकै स्वादमा पस्कन कोसिस गरेका छौं", उहाँले भन्नुभयो, "हाम्रो यो प्रयासले सचेत ग्राहकको रैथाने स्वादप्रतिको रुचिलाई सम्बोधनमात्र नगरी मन्द विषका रूपमा युवा एवं केटाकेटीमा देखिएको आयातीत खानेकुराप्रतिको आकर्षणलाई कम गर्न उल्लेख्य योगदान गर्ने विश्वास लिएका छौं । दिक्तेल बजारमा स्थापना गरिएको रैथाने खाजालाई राजधानी काठमाडौंलगायत सहरमा विस्तार गर्ने योजना छ ।" 'हरेक बार, फरक परिकार' नारा दिएर सुरुआत गरिएको रैथाने खाजा घरमा मकै, कोदो तथा फापरको डाम्रेरोटी, चामलको पिठोको सेलरोटी, चाम्रे, फाल्गी मकै, भुटेको मकै-भटमास, गुन्द्रुक-किनीमा, ढिँडो, मकैको ठेप्ले तथा च्याँख्ले भातलगायत परिकार पाउने जनाइएको छ । त्यस्तै, शनिबार र आइतबार रक्ति हालेको सुँगुरको मासुमा याङमेन र रैथाने कुखुराको वाचिपा, सोमबार र मङ्गलबार नेवारी खाजा र राँगाको भुटन, बुधबार र बिहीबार हाँडीको पक्कु र भुटेको मासु तथा शुक्रबार र शनिबार सुँगुरको मेखे, माछा तारेको र कुखुराको पाङ्रा साँधेको उपलब्ध हुने रैथाने खाजा घर सञ्चालन समिति संयोजक लालबहादुर मगर 'एलबी'ले जानकारी दिनुभएको छ । प्राङ्गारिक खेती प्रणाली तथा रैथाने प्रजातिका बालीनाली लोप हुँदै गएका अवस्थामा सालपा कृषि कम्पनी प्रालि खोटाङले यसअघि दिक्तेल बजारमा रैथाने कृषि मार्टसमेत सञ्चालनमा ल्याएको छ । स्थानीय कृषकलाई जैविक एवं प्राङ्गारिक खेती प्रणालीसँग सम्बन्धित आवश्यक बीउ, प्रविधि, सीप तथा औजार उपलब्ध गराउँदै कृषकको उत्पादन देखि विश्व बजारसम्मको पहुँच स्थापनामा सहजीकरण गर्ने उद्देश्यसहित सालपा कृषि कम्पनीले दिक्तेलबजारमा कृषि मार्ट सञ्चालन मा ल्याएको हो ।

युवा जनशक्तिको पलायन, जनसङ्ख्या वृद्धिदरमा कमी, बसाइँ सराइ तथा कृषिउपजले बजारको पहुँच प्राप्त गर्न नसक्दा खेतबारी बाँझिनेक्रम बढ्नुका साथै आयातीत खाद्यान्नमा निर्भरता बढ्दै गएकाले त्यसलाई निराकरण गर्न सामूहिक प्रयास गरिएको कम्पनीका व्यवस्था-पक देवकुमार राईले जानकारी दिनुभएको छ । "कृषकले उत्पादन गरेका जुनसुकै कृषिउपज पनि हामी खरिद गरिदिन्छौं । कृषकले बजार छैन भनेर हतोत्साहित हुनु पर्दैन", उहाँले भन्नुभयो, "कृषकले उत्पादन गरेका कृषिउपज सहरबजारदेखि विदेशसमेत निर्यात गर्दै आएका छौं । दिक्तेलबजारमा सञ्चालन गरिएको कृषि मार्टलाई निकट भविष्यमै राजधानी काठमाडौंलगायत सहरमा विस्तार गर्ने योजना छ ।" गत वैशाख २ गते औपचारिक उद्घाटन गरिएको रैथाने कृषि मार्टमा लेकाली सिमी, कालो दाल, सेतो ड्वाङे दाल, लेकाली मकै, भटमास, सातु, कागुनो, नफलेको (ब्राउन) स्थानीय अटेमार्सी चामल, फलेको अटेमार्सी चामल, मकैको च्याख्ला, जुवाइँ कोदोको पिठो, फापरको पिठो, कालो गहत, खैरो गहत, गुन्द्रुक, पिँडालुको सिम्टा र भुजुरी, जौ, आलुको मस्यौरा, रावाखोलाको असला माछाको सुकुटी, तिल, बदाम, सुकेको अकबरे खुर्सानी, सुकेको जिरे खुर्सानी, बेसार, स्थानी तोरीको तेल, उसिनेको लेकाली मकै, घ्यु, मेहेलको सर्वत, सखर, जुनेलो लगायत कृषिउपज बिक्रीका लागि राखिएको छ । बीउबिजनमा भटमास, जुवाइँ कोदो, लेकाली सिमी, मकै, जौ, कागुनो, जुनेलो, गहतहरू, दालहरू, मुला, गाँजर, गोलभेँडा, प्याज, लसुन, धनियाँ, रायोसागलगायत कृषिउपज उपलब्ध रहेको भण्डारण तथा सङ्कलन शाखा प्रमुख भीम राईले जानकारी दिनुभएको छ । कृषिजन्य सामग्री उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि रैथाने तथा गुणस्तरीय बीउबिजन, मल, सीप औजार र प्रविधिसम्बन्धी किसानसँग सहकार्य गरेर दीगो कृषि विकासका लागि विभिन्न कार्यक्रम तथा योजना सञ्चालन गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ ।

यस्तै, कृषिजन्य वस्तुको सङ्कलन, प्रशोधन र प्याकेजिङ गरी गुणस्तयुक्त उत्पादन बजारमा पुर्याउन, स्थानीय कृषिउपजका बीउबिजन सङ्कलन, संरक्षण गर्ने तथा जैविक अर्गानिक कृषि उत्पादनलाई सुरक्षित भण्डारण तथा चिस्यान केन्द्र व्यवस्थापन गरी बिक्रीवितरण गर्ने, कृषक र कृषक समूहको कृषि उत्पादन खरिद गरी बजारीकरण गर्ने, रैथाने कृषि उत्पादनलाई स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारसम्मको पहुँच विस्तार गर्ने जनाइएको छ । जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्दै आएका १५ जना व्यक्तिको शेयर लगानीमा स्थापना गरिएको कृषि कम्पनीले सरकारी तथा गैरसरकारी कार्यालय, सहकारी संस्था, किसान समूह, बैंक तथा वित्तिय संस्था र उद्देश्य मिल्ने अन्य व्यवसायीसँग साझेदारी र सहकार्य गर्ने, वातावरणमैत्री प्रविधि, जैविकखेती र दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

यस्तै, स्थानीय प्रविधिको नवप्रर्वतन, अध्ययन, अनुसन्धान र प्रयोगमार्फत उत्पादन प्रणालीमा सुधार गर्ने, कृषि फार्म, कृषि पर्यटन, कृषि उद्योग, कृषिउपज बिक्री केन्द्र र तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने, पशुपालन, पशुजन्य उत्पादन तथा प्रशोधन, प्याकेजिङ र बजारीकरण गर्ने कम्पनीले जनाएको छ । प्रतिव्यक्ति रु दुई लाखका दरले शेयर रकम जम्मा गर्नेगरी स्थापना गरिएको सालपा कृषि कम्पनीमा ६० जना युवा आबद्ध भइसकेका छन् । शेयर सदस्य आफैं खटनेगरी स्थापना गरिएको रैथाने कृषि मार्ट र रैथाने खाजा घरमा सात जना पूर्णकालीन कर्मचारीसमेत नियुक्त गरिएको छ ।

# दसैंमा अस्थायी इजलासबाट सेवा

वीरगञ्ज । नेपालीको महान पर्व बडा दसैंको सार्वजनिक बिदामा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्ज खुला रहने भएको छ । इजलासका अनुसार बिदाका कारण सेवाग्राही अत्यावश्यक न्यायिक सेवाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले अदालतले दसैं बिदाको अवधिमा बन्दी प्रत्यक्षीकरण, वाणिज्यसम्बन्धी पक्राउ पुर्जीको अनुमतिलगायत अत्यावश्यक प्रकृतिका निवेदनमाथि सुनुवाइ हुनेछ ।

घटस्थापनाको दिन असोज २५ गतेदेखि कात्तिक ८ गतेसम्म अदालत खुला रहने छ ।

# नेपालीको महान् पर्व बडादसैं सुरु, घटस्थापना गरिँदै

काठमाडौं। प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि विधिवत् आरम्भ गरिने नेपालीको महान् पर्व बडादसैं आजदेखि सुरु भएको छ ।

यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धुमधामका साथ मनाउने गरिन्छ । बडादसैंको पहिलो दिन आज (आइतबार नै घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ । पूजा कोठा वा दसैं घरमा वैदिक विधि पूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ ।

आज बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्वक राखेर त्यसमाथि यव अर्थात् जौं रोप्ने गरिन्छ । यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ । यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा पनि ग्रहण गरिन्छ ।

जमरामा जौंबाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो । कुल परम्पराअनुसार कसैले अन्य अन्न पनि जौंसितै रोप्ने गरेका छन् । जमरालाई आयुर्वेदिक औषधिमा समेत प्रयोग गरिन्छ ।

घटस्थापनाको साइत ११:४७ बजे

आजैको दिन विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना पनि भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजयादशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने गरिन्छ ।

आज घटस्थापनाको साइत बिहान ११:४७ बजे रहेको समितिले जनाएको छ । आज दिनभर चित्रा नक्षत्र परेकाले शास्त्रीय वचन अनुसार मध्याह्नकालमा अभिजित् मुहूर्तको साइत घटस्थापनाका लागि दिइएको समितिका अध्यक्ष सह प्रा डा पुरुषोत्तम भट्टराईले बताउनुभयो । सूर्योदयकालमा प्रतिपदा भएका दिनमा घटस्थापना गर्नुपर्छ भन्ने शास्त्रीय मान्यताअनुसार नै समितिले आजको दिनलाई घटस्थापना भनी निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो । केही मानिसले सामाजिक सञ्जालमा घटस्थापना सोमबार गर्ने भनी गरेको हल्लाखल्ला शास्त्रसम्मत नहुने पनि उहाँले सुनाउनुभयो ।

दुर्गा देवीका तीनवटा रुप महाकाली, महालक्ष्मी र महा सरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ । महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकका रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ । दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीज लगायतका राक्षसलाई वध गर्न लिएका नौवटा रूपको दुर्गा पक्षका अवसरमा विशेष पूजाआजा र आराधना गर्ने गरिन्छ । आश्विन शुक्ल प्रतिपदा देखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष पनि भनिन्छ ।

नौ दिन नौ दुर्गाको पूजा

यो पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यिनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भन्ने गरिन्छ ।

आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवी को पूजा आराधना गर्ने शास्त्रीय नियम छ । दुर्गा पूजा र दसैं पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रविद् एवं समितिका पूर्वअध्यक्ष गौतमले बताउनुभयो । दसैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाउने गरिन्छ ।

दुर्गाको प्रतीकका रूपमा आजको दिनदेखि महानवमीसम्म प्रत्येक दिन छुट्टाछुट्टै गरी नौवटी कन्याको पूजासमेत गर्ने गरिन्छ । यसरी पूजा गरिने कन्या दुई वर्षमाथिका हुनुपर्ने शास्त्रीय विधान छ ।

बडादसैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैं घर, कोत र शक्तिपीठमा बलिसहित विशेष पूर्जा गर्छन् ।

नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुतिहरूको पाठपारायण पनि गर्ने गरिन्छ । यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती र पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजन को भीडसमेत लाग्ने गरेको छ ।

विजयादशमीको साइत कात्तिक ४ गते १०:२६ बजे

नवरात्र भनेर चिनिने दसैं नौ रात र १० दिनको हुन्छ । आज विधिपूर्वक घरघरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई कात्तिक ४ गते बुधबार विजया दशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा र फूल प्रसाद ग्रहण गर्ने गरिन्छ ।

कात्तिक ४ गते देवी विसर्जनको साइत बिहान ८:४९ बजे रहेको समितिले जनाएको छ । टीका प्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने १०:२६ बजेको साइत उत्तम छ । विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ ।

विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजन बाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ । पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रिमा जाग्राम रहेर पूजा लगाई धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ । यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धनधान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ । आजको दिन घटस्थापना गरेर राखेको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ ।

दसैं घरमा विशेष पूजा

परम्पराअनुसार काठमाडौं स्थित हनुमानढोका दरबारमा रहेको दसैं घरमा शनिबारैदेखि वैदिक विधिअनुसार जमरा राखी शक्ति स्वरुपा दुर्गा देवीको पूजा आराधना सुरु हुन्छ । आइतबार बिहान चित्रा नक्षत्र र वैधृति योगको पूजा एवं हवन गरी समितिले दिएको साइतमा घटस्थापना गरिने हनुमानढोका दरबार हेरचाह अड्डाका प्रमुख जयन्ती श्रेष्ठ प्रधानले बताउनुभयो ।

रोजगारी, अध्ययन एवं अन्य काम विशेषले आफ्नो घर बाहिर रहेका मानिसहरू दसैंको अवसर पारेर घर फर्कने र परिवारका साथ बसेर महान् पर्व मनाउँछन् । यसैले बडादसैंलाई पारिवारिक पुनर्मिलनको पर्वका रूपमा समेत लिइन्छ ।

धेरैजसो शैक्षिक संस्थाले दसैंका अवसरमा आजैदेखि सार्वजनिक बिदा दिने गरेका छन् । यसैकारण राजधानी र सहरी क्षेत्रबाट आ-आफ्ना थातथलो फर्कने मानिसको लाम देखिन्छ ।

## 'क्यानभासमा पारिजात' चित्रकला प्रदर्शनी

काठमाडौं । नेपाली साहित्यकी विशिष्ट स्रष्टा पारिजातका साहित्यिक कृतिमा आधारित एकहप्ते चित्रकला प्रदर्शनी 'क्यानभासमा पारिजात' म्हैपीस्थित पारिजात स्मृति केन्द्रमा सुरु भएको छ ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति नारदमणि हार्तम्छालीले प्रदर्शनीको उद्घाटन गर्दै पारिजातका कृतिमाथि कलाकारले चित्र सिर्जना गरेर नयाँ कामको थालनी गरेको बताउनुभयो । एक स्रष्टाको कृतिमा अर्को स्रष्टाले कलाकृति रचना गर्दा उनीहरू बीचको सिर्जनात्मक बुझाइ र दृष्टिकोणको अन्तर पहिचान गर्न सकिने उहाँको भनाइ थियो ।

प्रदर्शनीमा सहभागी भएका कलाकार सौरगङ्गा दर्शनधारीले एक स्रष्टाको रचनामाथि अर्को स्रष्टाले कलाकृति सिर्जना गर्नु चुनौतीपूर्ण भए पनि त्यसबाट कृतिको भाव र गहिराइ बुझ्न सकिने बताउनुभयो । शब्दलाई रङ र रेखामार्फत गरिएको अर्को सिर्जनात्मक अभिव्यक्तिमा रूपान्तरण गर्दा स्रष्टाहरूबीचको सिर्जनात्मक बुझाइसमेत उजागर हुने उहाँको भनाइ थियो ।

# विपद्का घटनामा एक जनाको मृत्यु, १६ घाइते

काठमाडौं । देशभर पछिल्लो २४ घण्टामा भएका विभिन्न प्रकृतिका ३१ वटा विपद्का घटनामा परी एक जनाको मृत्यु भएको छ भने १६ जना घाइते भएका छन् । ती घटनाबाट ११ वटा चौपायासमेत क्षति भएको छ भने करिब रु २३ लाख १८ हजार ४०० बराबरको आर्थिक क्षति भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार असोज २३ गते बिहान १०:०० बजेदेखि असोज २४ गतेसम्म देशका विभिन्न २९ स्थानमा विपद्का घटना भएका हुन् । प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार विपद्का घटना पश्चात् उद्धारका लागि १२० जना प्रहरी परिचालन भएका छन् ।

विभिन्न स्थानमा भएका विपद्का घटनामा घाइते भएकाहरू को सम्बन्धित क्षेत्रका अस्पतालमा उपचार भइरहेको छ । प्रारम्भिक विवरणअनुसार ती घटनाबाट मानवीय क्षतिसँगै पशुचौपाया र भौतिक सम्पत्तिमा समेत नोक्सानी पुगेको छ । पछिल्लो समय मौसममा भइरहेको परिवर्तनका कारण विभिन्न स्थानमा विपद्का घटना हुनसक्ने जोखिम रहेकाले प्राधिकरणले सर्वसाधारणलाई सतर्कता अपनाउन आग्रह गरेको छ । स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गरी सुरक्षित स्थानमा जानसमेत प्राधिकरणले अनुरोध गरेको छ ।

## साहित्यकार जोशीको कथासङ्ग्रह 'बैसाखी'को लोकार्पण

काठमाडौं । युवा साहित्यकार तथा पत्रकार यज्ञराज जोशीको पहिलो कथासङ्ग्रह 'बैसाखी' लोकार्पण गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा महादेव अवस्थी, साहित्यकार तथा समालोचक ज्ञानु अधिकारी र कृतिका सम्पादक सुभाषचन्द्र भण्डारीले शनिबार काठमाडौंमा संयुक्त रूपमा कृति सार्वजनिक गर्नुभएको हो । कार्यक्रममा प्रा डा अवस्थीले पत्रकारिताबाट साहित्यमा आएका जोशीको लेखनमा सिर्जनात्मकता, भाषिक सौन्दर्य र लोकपरिवेशको प्रभाव देखिएको बताउनुभयो । उहाँले जोशीमा साहित्य सृजना गर्ने इच्छाशक्ति र प्रतिभा रहेको उल्लेख गर्नुभयो । समालोचक अधिकारीले 'बैसाखी'मा समाजका साधारण मानिसका इतिहास, अनुभव र सङ्घर्षलाई कथाका रूपमा प्रस्तुत गरिएको बताउनुभयो । सम्पादक भण्डारीले समकालीन पुस्ताको मनोभाव र गाउँले परिवेशलाई लेखकले सुक्ष्म रूपमा चित्रण गरेको उल्लेख गर्नुभयो । कतिपय कथामा वास्तविक पात्रको अनुमतिमा कथा बुन्ने नवीन प्रयोग गरिएको पनि उहाँले बताउनुभयो । सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति डा टीएन जोशीले सुदूरपश्चिमको परिवेशबाट आएका लेखकले समाजका सीमान्तकृत मानिसका कथा लेख्नु महत्त्वपूर्ण रहेको बताउनुभयो । कृतिकार जोशीले परदेशमा रहेका बुबालाई आमाले देउडा गीतमार्फत चिठ्ठी लेखेर पठाएको देखेपछि आफू साहित्यप्रति आकर्षित भएको सुनाउनुभयो । त्यही अनुभवले साहित्य सृजनाको प्रेरणा दिएको उहाँले बताउनुभयो ।

## दाङका १६१ खाद्य व्यवसायमा अनुगमन

तुलसीपुर । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, तुलसीपुर दाङले एक वर्षमा १६१ पटक विभिन्न खाद्य व्यवसायको निरीक्षण तथा अनुगमन गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा सोही बराबरका व्यवसायको अनुगमन गरिएको हो । जसमध्ये कार्यालयका खाद्य निरीक्षक मात्र संलग्न रहेका ८८ वटा एकल अनुगमन र विभिन्न नियमनकारी निकायका प्रतिनिधिसहितका ७३ वटा संयुक्त अनुगमन गरिएको सूचना अधिकारी सुदर्शन गोसाइँले जानकारी दिनुभयो । जसमा ९५ पटक खाद्यबजार तथा पसल, १७६ वटा खाद्य उद्योग, ७१ पटक होटल, रेस्टुरेन्ट तथा खाजाघर, ४० पटक दूध, तेल र प्रशोधित पिउने पानीजस्ता संवेदनशील उद्योगको अनुगमन गरिएको थियो ।

त्यस्तै, नौ पटक हाटबजार तथा मेलामहोत्सव, नौ पटक क्यान्टिन, तीन पटक पोषण पूरक बिक्री पसल र उजुरी तथा गुनासो आएपछि १२ पटक आकस्मिक अनुगमन गरिएको थियो ।

नियमनका साथै खाद्य व्यवसायीको क्षमता अभिवृद्धि र उपभोक्ता स्वास्थ्य सुरक्षाका लागि कार्यालयले विभिन्न सचेतनामूलक तालिम तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको थियो । खाद्य स्वच्छताका आधारमा होटल तथा रेस्टुरेन्टको स्तरीकरण गर्ने निर्देशिका, २०७४ बमोजिम लमही, राप्ती, तुलसीपुर र घोराही क्षेत्रका कुल ५१ वटा होटल तथा रेस्टुरेन्टको स्तरीकरण गरी लोगो वितरण गरिएको छ ।

त्यसैगरी, लमहीमा ५१ जना र घोराहीमा ६५ जना होटल तथा रेस्टुरेन्ट व्यवसायीलाई स्वच्छता तालिम प्रदान गरिएको थियो । सर्वसाधारणले बढी उपभोग गर्ने स्ट्रिट फुडलाई स्वच्छ बनाउन हापुरे बजारमा ४६ जना, गढवा बजारमा ५१ जना, रोल्पाको होलेरी बजारमा ४१ जना र तुलसीपुर बजारमा ५६ जना गरी २०० भन्दाबढी स्ट्रिट फुड तथा फास्टफुड व्यवसायीलाई स्थानीय तहको समन्वयमा खाद्य स्वच्छता, सरसफाइ र कानुनी प्रावधानबारे प्रशिक्षित गराइएको छ ।

कार्यालयले विद्यालय तथा समुदायस्तरमा पुगेर खाद्य स्वच्छता र पोषणसम्बन्धी सचेतना फैलाउने कार्यलाई पनि प्राथमिकता दिएको छ । कार्यालयको दाङसहित प्युठान, रोल्पा र रुकुमपूर्व कार्यक्षेत्र रहेका छन् ।

पछिल्लो समय कार्यालयले नयाँ कार्यान्वयनमा आएको खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम आफ्नो नियमनकारी भूमिकालाई प्रभावकारी रूपमा अगाडि बढाएको जनाएको छ ।

साढे चार लाख बराबरका सामग्री नष्ट

कार्यालयले एक वर्षमा साढे चार लाख बढीको अखाद्य सामग्री जफत गरी नष्ट गरेको छ । कार्यालयका सूचना अधिकारी गोसाइँका अनुसार गएको आर्थिक वर्ष २०८२/८३ मा अनुगमनका क्रममा म्याद गुज्रिएका, फोहर र अखाद्य अवस्थामा भेटिएका कुल चार लाख ५६ हजार ३६८ बराबरका खाद्य सामग्री जफत गरी नष्ट गरिएको हो ।

जसमा खाद्यान्न तथा दलहनजन्य सामग्री तीन लाख ३८ हजार ३७८ रुपैयाँ, दुग्धजन्य पदार्थ ३७ हजार रुपैयाँ, फलफूल तथा सागपात ३२ हजार ४१० रुपैयाँ, तेल तथा घ्युजन्य वस्तु ११ हजार ६५० रुपैयाँ बराबर नष्ट गरिएको हो । त्यस्तै, कन्फेक्सनरी, मसला, प्रशोधित पानीलगायत अन्य खाद्य सामग्रीसमेत नष्ट गर्दा उक्त रकम बराबरको नष्ट भएको सूचना अधिकारी गोसाइँले बताउनुभयो ।

खाद्य ऐन र नियमको प्रभावकारी कार्यान्वयनका लागि बजारबाट नमुना सङ्कलन गरी प्रयोगशालामा पठाइएको थियो । उहाँका अनुसार अनुगमन गर्दा विभिन्न १३९ वटा खाद्य पदार्थका नमुनासमेत सङ्कलन गरिएको थियो । ती नमुनामध्ये प्रयोगशालामा परीक्षण गर्दा १० वटा नमुना तोकिएको मापदण्डविपरीत रहेको पाइएको थियो ।

अहिले खाद्य उद्योग तथा बजारमा खाद्य स्वच्छताको अवस्था अध्ययन गर्न सङ्कलन गरिएका ८१ वटा सर्भिलेन्स नमुनाको परीक्षण गर्दा सबै मापदण्डअनुसार नै रहेको पाइएको थियो ।

खाद्यका १३ वटा मुद्दा अदालतमा

प्रतिकूल नतिजा आएका नमुना, मुचुल्का तथा अन्य कार्यालयबाट थप अनुसन्धानका लागि प्राप्त नमुना गरी कुल १३ वटा मुद्दा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अदालतमा दायर गरिएको छ । यसरी अदालतमा मुद्दा दायर गरिएकामध्ये खाद्यान्न तथा दलहनजन्य पदार्थ, प्रशोधित पिउने पानी, मसला, गुलियो पदार्थ, गुलियो परिकार, चुक तथा अनुसन्धानका लागि प्राप्त मह र बिस्कुट रहेका छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com